# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
# आ.व. २०७८/०७९

बैठक नम्वर : १०१ औं बैठक मिति : २०७८/०६/१४

बैठक स्थान : गाउँपालिकाको सभा हल

आज मिति २०७८/०६/१४ गते यस पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाका अध्यक्ष श्री टासी लामा ज्यू को अध्यक्षतामा १०१ औ कार्यपालिकाको बैठक वसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो

**उपस्थिति :**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री टासी लामा | अध्यक्ष | |
| २. | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| ३. | श्री सुर्यमान दोङ | सदस्य | |
| ४. | श्री पासाङ लामा | सदस्य | |
| ५. | श्री ङिमा छिरिङ तामाङ | सदस्य | |
| ६. | श्री राम वहादुर तामाङ्ग | सदस्य | |
| ७. | श्री काले गोले | सदस्य | |
| ८. | श्री मान वहादुर तामाङ्ग | सदस्य | |
| ९. | श्री सार्की तामाङ्ग | सदस्य | |
| १०. | श्री बिष्णु बहादुर खड्का | सदस्य | |
| ११. | श्री गीता धिताल | सदस्य | |
| १२. | श्री गंगा श्रेष्ठ | सदस्य | |
| १३. | श्री कमला थापा | सदस्य | |
| १४. | श्री मीना कुमारी तामाङ्ग | सदस्य | |
| १५. | श्री टासी शेर्पा | सदस्य | |
| १६. | श्री वुद्ध कुमारी वि.क. | सदस्य | |
| १७ | श्री दिनेश कुमार पोखरेल | सचिब | |

# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
# आ.व. २०७८/०७९

बैठक नम्वर :  १०१ औं                                                  बैठक मिति : २०७८/०६/१४

बैठक स्थान : गाउँपालिकाको सभा हल

## प्रस्तावहरु एवं निर्णयहरु :

| सि.नं. | प्रस्तावहरु : | निर्णयहरु : |
|---|---|---|
| १. | दशै लक्षित सडक मर्मत सम्वन्धमा | ➢ स्काभेटर र JCB चक्कावाला मेसिन  कर सहित ( सम्पूर्ण खर्च मेसिन धनीले व्यहोर्ने गरी ) प्रति घण्टा क्रमशः रु. ४८००।- र रु. ३,०००।- (तीन हजार ) मा लगाउने गरी यस पालिकाको मुख्य सडकहरुलाई पहिलो चरणमा र  बाँकी शाखा सडकहरु क्रमशः दोस्रो चरणमा सरसफाई तथा मर्मत गर्ने निर्णय गरियो । |
| २. | संक्षिप्त वातावरणीय प्रभाव मूल्यांकन प्रतिबेदन स्वीकृत सम्वन्धमा | ➢ यस पालिकाको ईन्द्रावती नदीको महांकाल देखि तिपेनी खाल्डे सम्मका क्षेत्रमा रहेको वालुवा तथा नदी जन्य पदार्थको उत्खनन् सम्वन्धमा दिपकर कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले तयार पारेको संक्षिप्त वातावरणीय प्रभाव मूल्यांकन प्रतिबेदन स्वीकृत गरियो र उत्खनन र तथा विक्रि वितरण सम्वन्धी आवश्य प्रक्रिया अघि वढाउने निर्णय गरियो । |
| ३. | सेवा सुविधा कटौती सम्वन्धमा | ➢ गत आ.व.मा कोभिड १९ को कारण उपलब्ध गराईएको जोखिम भत्ता यस आ.व.मा तिपेनी अस्पतालमा सन्चालन भएको आईसोलेसन केन्द्रमा मात्र दुई महिनाका सो भत्ता उपलब्ध गराउने र अन्यत्र हटाउने निर्णय गरियो ।<br>➢ तिपेनीमा कार्यरत डा. लाई अर्को निर्णय नभए सम्मको लागि मासिक १५ हजार थप गर्ने निणर्य गरियो ।<br>➢ आईसोलेसन केन्द्रमा उपचाररत् विरामीको खाना खाजाको सुविधा हाललाई यथावत् राख्ने निर्णय गरियो । |
| ४. | शुभकामना आदान प्रदान सम्वन्धमा | ➢ यस वर्षको विजय दशमी तथा दिपावली लगायत नजिकिदै गरेका अन्य चाडपर्वको अवसरमा मिति २०७८/०६/२० गते दिउँसो ११ बजे गाउँपालिकाको कार्यालयमा शुभकामना आदान प्रदान गर्ने कार्यक्रम राख्ने निर्णय गरियो । |
| ५. | रकमान्तर सम्वन्धमा | ➢ जनप्रतिनिधि र कर्मचारीवीचको मैत्रीपूर्ण फूटवल प्रतियोगितामा विनियोजित रकम अपुग भएकोले खेलकूद शिर्षकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई सम्मान कार्यक्रमबाट अपुग रकम भुक्तानी गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।<br>➢ वडा नं. ७ को कार्यालय व्यवस्थापन शिर्षकमा विनियोजन भएको रकम रु. १,५०,०००।- ( अक्षरेपी एक लाख पचास ) बाट कार्यालय प्रयोजनको लागि साउण्ड सिस्टम खरीद गर्ने भनी वडा कार्यालयबाट सिफारीस भइ आएकोले सोही बमोजिम उक्त रकम रकमान्तर गर्ने निर्णय गरियो । |

# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
## आ.व. २०७८/०७९

बैठक नम्वर : १०१ औं बैठक मिति : २०७८/०६/१४

बैठक स्थान : गाउँपालिकाको सभा हल

| | | |
|---|---|---|
| ६. | अस्पताल सन्चालन को कार्यविधि निर्माण सम्वन्धमा | ➢ तिपेनी अस्पताल सन्चालनको लागि आवश्यक कार्यविधि निर्माण गर्न विधायन समितिलाई यथाशिघ्र कार्यविधिको मस्यौदा पेश गर्न लगाउने निर्णय गरियो । |
| ७. | आर्थिक सहायता सम्वन्धमा | तपसिल बमोजिम आर्थिक सहायता गर्ने निर्णय गरियो ।<br>➢ मृगौला पीडित वडा नं. ४ वस्ने कल्पना तामाङ्गलाई रु.चालीस हजार<br>➢ वडा नं. ८ वस्ने अर्जुन कार्कीलाई रु. १५ हजार दिएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| ८. | विपद व्यवस्थापन कोषबाट भुक्तानी सम्वन्धमा | ➢ वडा नं. २ याङ्ग्री क्षेत्रमा विपदको समयमा लगाईएको कार्य ( ग्याविन जाली र झो.पु.मर्मत ) को सम्वन्धित कागजातको आधारमा विपद व्यवस्थापनकोषबाट भुक्तानी गर्ने निर्णय गरियो साथै सो क्षेत्रमा डोजरबाट भएको कार्यको बाँकी भुक्तानी माग भई आएको विषयमा आउने वैठकमा आवश्यक छलफल गर्ने निर्णय गरियो ।<br>➢ वडा नं. १ मा वनाईएको काठे पुलको विपद व्यवस्थापन कोषबाट भुक्तानी भएको रु. ३० हजार अनुमोदन गर्ने निर्णय गरियो । |
| ९. | वर्थिङ्ग सेन्टर सन्चालनको अनुमति सम्वन्धमा | ➢ वडा नं. २ वरुवा स्वास्थ्य चौकीवाट वर्थिक सेन्टर सन्चालनको लागि वडाको समेत सिफारीस भई आएकोले उक्त स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर सन्चालनको अनुमति दिने र सो को निमित्त आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो । |
| १०. | भू सेवा सन्चालन सम्वन्धमा | ➢ यस पालिकाले हालै सन्चालनमा ल्याएको भू सेवालाई अझै प्रभावकारी वनाउन वडा सचिवहरुलाई तालिमको व्यवस्था गरी आवश्यक पूर्वाधार वडामा नै तयार गरी वडा तहबाटै सन्चालनको व्यवस्था मिलाउने निर्णय गरियो । |
| ११. | खर्च अनुमोदन सम्वन्धमा | ➢ यस चालु आ.व.मा भुक्तानी गरिएको विपद सम्वन्धी कार्यमा भएको विभिन्न योजना तथा अन्य कार्यमा भएको खर्च अनुमोदन गरियो । |